नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन

Copyright Bulletin

सूचना तथा सचेतनाका लागि

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको चौमासिक प्रकाशन

फागुण ३०, २०७० Volume 7, Issue 23 March 14, 2014

## यस भित्र

नेपाल प्रहरीहरुका अधिकृतहरुका लागि आयोजित प्रतिलिपि अधिकार कानून कार्यान्वयन तालीम........................२

चलचित्र र प्रतिलिपि अधिकार सम्बन्धी गोष्ठी ............................ ३

नेपाल टेलिकम र रोयल्टी संकलन संस्था बिच सम्झौता .....................४

विश्व बौद्धिक सम्पत्ति दिवस ...........५

प्रस्तोता समाज नेपालको चौथो वार्षिक साधारण सभा सम्पन्न......... ६

रचना दर्ता.............................. ८

सम्पादक समूह:

प्रधान सम्पादक: बिसु कुमार के.सी.

सम्पादक: मोहन कोइराला

डिजाइन तथा कम्प्युटर

टेकनारायण महर्जन

दिपेन्द्र कक्षपती

www.nepalcopyright.gov.np

यदि तपाईंसँग बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनका आगामी अङ्कहरुमा तपाईंका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

## जिल्ला न्यायधीशहरुको लागि

# प्रतिलिपि अधिकार सम्बन्धी तालिम/कार्यशाला

प्रतिलिपि अधिकार सम्बन्धि ऐन नियमले स्रष्टा, सर्जक र प्रस्तोताहरूलाई आफ्नो रचना वा प्रस्तुती उपर एकाधिकार प्रदान गरेको छ । प्रतिलिपि अधिकार धनीको अनुमती वेगर त्यस्ता रचनाको पुर्नउत्पादन गर्न, प्रकाशन र प्रशारण तथा सार्वजनिक रूपमा प्रयोग गर्न हुदैन । यस्तो काम गरेमा प्रतिलिपि अधिकारको उल्लङ्घन गरेको मानिन्छ । प्रतिलिपि अधिकारको उलङ्घन गरेमा जरिवाना तथा कैद सजाय समेत हुने प्रावधान ऐनमा छ भने कानुन अनुसार प्रतिलिपि अधिकारको उलङ्घन गर्न प्रयोग भएको माल वस्तु यन्त्र उपकरण आदि जफत हुने र यस्तो कार्यबाट रचयिता वा प्रतिलिपि अधिकारको धनीलाई पुगेको क्षतीको क्षतीपूर्ति समेत भराई दिनु पर्दछ । प्रतिलिपि अधिकारले संरक्षित गरेको यि अधिकारहरूको उल्लङ्घन सम्बन्धी कसुरको कारबाही




र किनारा गरी सजांय दिलाउने जिम्मा सम्बन्धित जिल्ला अदालतलाई सुम्पीएको छ । जिल्ला अदालतलाई संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाई कारवाही गर्नुपर्ने र कुनै काम कारवाही तत्काल रोक्न मानासिव ठहऱ्याएमा सम्बन्धित व्यक्ति वा निकायलाई त्यस्तो काम कारवाही रोक्का गर्न आदेश दिन सक्ने अधिकार छ । यस अर्थमा प्रतिलिपि अधिकारको कार्यान्वयनको महत्वपूर्ण जिम्मेवारी सम्मानित अदालतहरूलाई भएको स्पष्ट हुन्छ । त्यसकारण प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्ने अदालतका माननीय न्यायाधीशहरूलाई यस सम्बन्धि जानकारी र ज्ञान आवश्यक पर्दछ । प्रतिलिपि अधिकारको विषय वस्तु र यसको प्रयोग अलि जटिल र प्रविधिसंग पनि जेलिएको विषय हो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले विगत वर्षहरूमा पनि विभिन्न क्षेत्रमा माननीय न्यायाधीशहरूको लागि प्रतिलिपि अधिकार कानुन सम्बन्धि तालीम/कार्यशाला संचालन गर्दै आएको थियो । यस वर्ष धेरै संख्यामा मा. जिल्ला न्यायाधीशहरूको नयां नियुक्ती भएको र सबैको लागि यस किसिमको कार्यक्रम आवश्यक भएतापनि साधन स्रोतको उपलब्धता र आवश्यकता समेतलाई विचार गरेर पूर्वाञ्चल र नजिकका जिल्लाहरूलाई मात्र समेटेर तालीम कार्यशालाको आयोजना गरिएको थियो । कार्यक्रममा सहभागी हुन सम्मानित सर्वोच्च अदालतबाट १६ जिल्ला अदालतका २६ जना माननीय न्यायाधीशहरूलाई मनोनयन गरी पठाएको थियो । सो अनुसार तालीम कार्यशाला गत २०७० फागुन १७ र १८ गते विराटनगरको होटल रत्नामा भएको थियो ।

पुनरावेदन अदालत विराटनगरका माननीय मुख्य न्यायाधीश श्री गिरीराज पौडेल उद्घाटन कार्यक्रमका मुख्य अतिथि हुनुहुन्थ्यो । उहांले पानसमा वत्ती

बाकी पृष्ठ ७ मा

## नेपाल प्रहरीहरुका अधिकृतहरुका लागि आयोजित

# प्रतिलिपि अधिकार कानुन कार्यान्वयन तालिम




यही पुस ७ गते काभ्रे धुलिखेलमा नेपाल प्रहरीहरूका अधिकृतहरुका लागि आयोजित प्रतिलिपि अधिकार कानुन कार्यान्वयन सम्बन्धि तालीमको उद्घाटन संस्कृति पर्यटन तथा नागरकि उड्डयन मन्त्रालयका सचिव श्री सुशिल घिमिरेले गर्नु भएको थियो । उहाँले कार्यक्रममा मन्तव्य राख्नु हुदै 'सरकारले संस्कृति, कला र साहित्यको बिकासको लागि विविध कार्यक्रमहरू संचालन गरि आएको छ र यस मध्ये प्रतिलिपि अधिकारको प्रबर्द्धन तथा कार्यान्वयन पनि एक हो' भन्नुभयो । उहाँले 'प्रतिलिपि अधिकारको चोरी, नक्कल तथा पाईरेसीलाई नियन्त्रण गर्न तथा स्रष्टा सर्जकहरूको हक हितको संरक्षण गर्न मन्त्रालय सदा क्रियाशील रहेको छ र यस व्यवस्थालाई प्रभावकारी बनाउन सरकारका तर्फबाट थप के गर्नु पर्दछ भन्ने विषयमा सल्लाह र सुझावहरू आएमा त्यसलाई लागू गर्न पनि आफु अग्रसर रहेको छु' पनि भन्नुभयो । सो कार्यक्रममा सहभागी प्रहरी अधिकृतहरूलाई सम्बोधन गर्दै महानगरीय प्रहरी आयुक्तको कार्यालयका वरिष्ठ प्रहरी उपरिक्षक हेमन्त पालले नेपाल प्रहरीको जिम्मेवारीमा रहेको प्रतिलिपि अधिकारको कार्यान्वयन एउटा महत्वपूर्ण र चनौतिपूर्ण क्षेत्र हो यो जिम्मेवारी कुशलतापूर्वक पुरा गर्न यस किसिमको तालीमले सहयोग पुग्ने बताउंदै प्रहरी अधिकृतहरूलाई कार्यक्रमबाट बढी भन्दा बढी ज्ञान र सिप हासिल गर्न निर्देशन समेत गर्नुभयो । उहाँले गीत संगीत सिनेमा लागायत सबै प्रकारका प्रतिलिपि अधिकार जन्य बस्तुको अनाधिकृत प्रयोग तथा पाईरेसी नियन्त्रण गर्न नेपाल प्रहरी प्रतिबद्ध रहेको जानकारी गराउदै यस विषयमा स्रष्टा सर्जक तथा प्रतिलिपि अधिकार धनीहरूलाई त्यस्तो काम कारवाही सम्बन्धमा उजुरी दिन पनि आग्रह गर्नुभयो । संगीत रोयल्टी संकलन समाजका अध्यक्ष, वरिष्ठ संगीतकार सुरेश चन्द्र अधिकारीले नेपाली गीत संगीतको बजारलाई पाईरेसीले सखाप पारेको र स्रष्टा तथा कलाकारहरूले धेरै क्षती व्यहोर्नु परिरहेको प्रसङ्ग राख्नु हुदै पाईरेसीको नियन्त्रण प्रहरीको सक्रियता विना सम्भव नभएकोले यो तालीमले पाईरेसी नियन्त्रणमा सकरात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो । प्रस्तोता समाजका अध्यक्ष, सुप्रसिद्ध गायक श्री राम कृष्ण ढकालले 'प्रतिलिपि अधिकार बारे जन साधारणमा चेतनाको कमी छ र हामी सृजनाका धनीहरूमा पनि यस सम्बन्धि जानकारी थोरै छ । कानुन कार्यान्वयन गर्ने निकायमा कार्यरत अधिकारीहरूमा पनि प्रतिलिपि अधिकार बारेमा ज्ञान र सिप कमी भएकाले ऐन आएता पनि त्यसको कार्यान्वयन हुन नसक्दा हामी कलाकारहरू मर्कामा परेका छौं' भन्नुभयो । यसै गरेर संगीत उत्पादक समाजका उपाध्यक्ष सूर्य बहादुर मगरले 'पाईरेसीले गर्दा संगीतको बजार गिर्दै गएको अवस्थामा यस किसिमको प्रशिक्षण कार्यक्रमले पाईरेसी नियन्त्रणमा सक्रियता आउने आशा जागेको छ' भन्दै कार्यक्रममा आयोजना गरेकोमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयलाई धन्यवाद र प्रहरी प्रशासनलाई पाईरेसी नियन्त्रणलाई महत्व दिन आग्रह गर्नुभयो । उद्घाटन कार्यक्रमको सुरुमा रजिष्ट्रार बिसु कुमार के.सी.ले अतिथिहरू तथा सहभागीहरूलाई स्वागत गर्दै २ दिने तालीम कार्यक्रमको आवश्यकता र महत्व बारेमा प्रकाश पार्नु भएको थियो ।

सुदृढ प्रतिलिपि अधिकार व्यबस्थाबाट कला, साहित्य र रचनात्मक कामको मात्र नभएर यस्ता सृजनात्मक कामहरूमा आधारित उद्यम व्यबशायहरू पनि फस्टाउने हुँदा देशको उत्पादन, रोजगारी तथा अन्तराष्ट्रिय व्यापारमा समेत ठुलो योगदान पुग्दछ । यसैले प्रतिलिपि अधिकार एवंम् समग्र बौद्धिक सम्पति अधिकार व्यबस्थालाई आर्थिक प्रविधिक विकासको एउटा खामोको रूपमा हेरिन्छ । यसैले प्रतिलिपि अधिकारहरूको कार्यान्वयन प्रभावकारी बनाउन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले विभिन्न चेतनामूलक तथा प्रबर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरी आएको छ ।

प्रतिलिपि अधिकारको उलङ्घन गरेमा जरिवाना तथा कैद सजाय समेत हुने प्रावधान ऐनमा छ भने कानुन अनुसार प्रतिलिपि अधिकारको उलङ्घन गर्न प्रयोग भएको माल वस्तु यन्त्र उपकरण आदि जफत हुने र यस्तो कार्यबाट रचयिता वा प्रतिलिपि अधिकारको धनीलाई पुगेको क्षतीको क्षतीपूर्ति समेत भराई दिनु पर्दछ । प्रतिलिपि अधिकारको उलङ्घन सम्बन्धि मुद्दा सरकारवादी मुद्दाको कोटीमा राखिएको र यसको अनुसन्धान तहकिकात गर्ने जिम्मा प्रहरी अधिकृतलाई हुन्छ । त्यसकारण प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्ने प्रहरी अधिकृतहरूलाई यस सम्बन्धि आवश्यक ज्ञान र सीप आवश्यक पर्दछ । यस कुराको अभाव रहेकाले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले विभिन्न क्षेत्रमा प्रहरी अधिकृतहरूका लागि प्रतिलिपि अधिकार कानुन कार्यान्वयन सम्बन्धि तालीम संचालन गर्दै आएको छ । विगतमा

बाँकी पृष्ठ ६ मा

# चलचित्र र प्रतिलिपि अधिकार सम्बन्धि गोष्ठी

चलचित्र क्षेत्र प्रतिलिपि अधिकारसंग सिधै सरोकार राख्ने क्षेत्र हो । विज्ञहरू चलचित्रलाई प्रतिलिपि अधिकारहरूको संग्रह हो भन्दछन् (A film is essentially collection of copyright) यसैले यस क्षेत्रमा संलग्न सबै प्रतिलिपि अधिकार सम्बन्धमा जानकार मात्र होईन यसको व्यवस्थापनमा सिपालु र संरक्षणमा पनि जागरूक हुनु पर्दछ । यस तथ्यलाई चलचित्र क्षेत्रसंग सम्बद्ध व्यक्तिहरू, संघ संस्थाहरूले महसुश गर्दै आएका छन् । त्यसैले यस्ता कार्यक्रमहरूको आयोजना गर्ने सुरूवात भएको छ । हालका दिनमा नेपाल प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालय मात्र होईन, चलचित्र विकास वोर्ड, निर्माता, निर्देशक, कलाकार, प्राविधिक र अन्य सरोकारवालाहरू पनि अग्रसर भएका छन् । गत वर्ष पनि विश्व बौद्धिक सम्पति संगठन (WIPO) को सहयोगमा अन्तराष्ट्रिय विज्ञहरू समेतको सहभागीतामा महत्वपूर्ण कार्यक्रमको आयोजना भएको थियो । यसै सन्दर्भमा गत पुस ४ गते चलचित्र निर्देशक समाजसंगको सहकार्यमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले चलचित्र र प्रतिलिपि अधिकार सम्बन्धी एक दिवसीय गोष्ठीको आयोजना गरेको थियो । निर्देशकहरूको चलचित्रमा महत्वपूर्ण योगदान रहन्छ । देशै पिच्छे प्रतिलिपि अधिकारमा निर्देशकको अंश कति र के हैसियत हुने भन्ने फरक फरक व्यबस्था भए गरेका पाईन्छ । यस बहसमा नेपालका चलचित्र निर्देशकहरू पनि सहभागी हुने जमर्को यस कार्यक्रममा गरेका थिए । मूलतः प्रतिलिपि अधिकार बारे सचेतना बढाउने, प्रतिलिपि अधिकार ऐन नियम सुधारका लागि सुझावहरू संकलन गर्ने र कार्यान्वयनमा प्रभावकारिता ल्याउने, चलचित्रसंग प्रत्यक्ष सम्बन्धित निर्देशक तथा अन्य सम्बन्धित प्रतिलिपि अधिकार धनी तथा प्रतिलिपि अधिकारसंग प्रत्यक्ष सरोकार राख्ने व्यक्तीहरूको ज्ञान र सीप अभिवृद्धी गर्ने, प्रतिलिपि अधिकार बारे सकारात्मक सोच निर्माण गर्न पहल गर्ने, प्रतिलिपि अधिकार उल्लङ्घन गरेर हुने काम कारबाही नियन्त्रण गर्न अवश्यक वातावरण निर्माण गर्ने, सुदृढ प्रतिलिपि अधिकार व्यबस्थाबाट प्रतिलिपि अधिकारजन्य उद्यम व्यवसायको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले यो गोष्ठिको आयोजना गरिएको थियो ।




गोष्ठीको उद्घाटन गर्दै संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सह–सचिव रञ्जनकृष्ण अर्यालले 'नेपाल सरकारले प्रतिलिपि अधिकारको संरक्षण र सम्बर्द्धन कार्यलाई महत्व दिएको छ । यसै अनुसार सरोकारवालाहरूले पनि अग्रसरता देखाउन आग्रह गर्नुभयो र यस किसिमको कार्यक्रमहरूबाट आउने सुझावहरू लागु गर्न गराउन मन्त्रालय सधैं तत्पर रहनेछ' भन्नुभयो । कार्यक्रममा मन्तव्य राख्दै नेपाल चलचित्र कलाकार संघका अध्यक्ष नवल खड्काले प्रतिलिपि अधिकारबारे स्रष्टा, कलाकार, निर्माता, निर्देशक सबै जानकार र सचेत भै नसकेका हुँदा यस बारेमा व्यापक बहस चालिनु पर्दछ भन्नु हुदै 'कलाकारले पारिश्रमिक लिईसकेपछि फेरी फिल्मको बौद्धिक सम्पत्ति अधिकारको हक माग्न मिल्ने कि नमिल्ने भन्ने विषय टुङ्गो लगाउन सजिलो नभएकाले पनि यस्तो छलफल जरूरी छ' भन्नुभयो । त्यसै गरी नेपाल चलचित्र निर्माता संघका महासचिव केशव भट्टराईले प्रतिलिपि अधिकारमा निर्देशक तथा कलाकारको दावी लाग्ने हो भने निर्माताले फिल्मका लागि गरेको लगानीमा घाटा हुँदा चाँही उनीहरूको भूमिका के हुने भनेर चासो राख्नुभयो । कार्यक्रममा बोल्नु हुँदै वरिष्ठ चलचित्र निर्देशक नीर शाहले प्रतिलिपि अधिकार विषय हामी निर्देशकहरूलाई यसरी मेलैसंग जानकारी दिने र छलफल गर्ने कार्यक्रममा आफु पहिलो चोटी सहभागी हुन पाएको र यस विषयमा आफु अहिले सम्म जानकार नभएको तथ्य स्पष्ट रूपमा राख्नु भयो । उहाँले चलचित्र विकास बोर्ड पनि प्रतिलिपि अधिकार संरक्षण र पाईरेसी नियन्त्रणमा सक्रिय हुनुपर्ने सुझाव दिनु भयो । कार्यक्रमका सहआयोजक चलचित्र निर्देशक समाजका अध्यक्ष दिनेश डि.सी. ले 'फिल्म निर्देशकको माध्यमबाट निर्माण हुने भएकोले यसमा स्वभावैले निर्देशकको अधिकार जोडिएको हुन्छ । तर हामी यस बारेमा सचेत छैनौ यसैले यस्तो कार्यक्रमको आयोजना गरिएको हो' भन्नुभयो । उद्घाटन कार्यक्रमको सुरूमा स्वागत गर्दै नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार बिसु कुमार के.सी.ले कार्यक्रमको



उद्देश्य माथी प्रकाश पार्नु भएको थियो ।

यस कार्यक्रममा मुलतः प्रतिलिपि अधिकारसंग सरोकार राख्ने प्रतिलिपि अधिकार धनी, प्रतिलिपि अधिकारजन्य वस्तुका प्रयोगकर्ता तथा प्रतिलिपि अधिकार कार्यान्वयन तथा नीति निर्माणमा संलग्न व्यक्ती, पदाधिकारीहरू, कर्मचारीहरू विशेष गरेर चलचित्र निर्देशकहरू तथा चलचित्रसंग सम्बद्ध संघ संस्थाका सदस्यहरू गरेर करिब १५० जनाको सहभागीता रहेको थियो । चलचित्र निर्देशकहरूको यती ठुलो भेला निर्देशक समाजको अधिवेशन बाहेक सायद पहिलो पटक यस कार्यक्रममा भएको भन्ने पर्यवेक्षकहरूको भनाई रहेको थियो । यस गोष्ठीको उद्देश्य अनुसार नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका तर्फबाट प्रतिलिपि अधिकार र चलचित्र तथा नेपालको प्रतिलिपि अधिकार व्यवस्था सम्बन्धमा रजिष्ट्रार बिसु कुमार के.सीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँले प्रतिलिपि अधिकारको सैदान्तिक पक्ष, अन्तराष्ट्रिय सन्धि सम्झौताहरू, नेपालको कानुनी तथा प्रशासनिक व्यवस्थाका साथै नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले गरेका कामहरू बारेमा प्रकाश पार्नु भएको थियो । यसै गरेर नेपाल चलचित्र निर्देशक समाजका तर्फबाट प्रतिलिपि अधिकार, चलचित्र र निर्देशकको प्रतिलिपि अधिकार सम्बन्धमा निलहरि का□लेले दोस्रो कार्यपत्र पेश गर्नुभयो । प्रतिलिपि अधिकारको कुरा गर्दा पाईरेसीको प्रसङ्ग आईहाल्छ । यस विषयमा चलचित्र विकास वोर्डका प्रशासकीय अधिकृत अनुपम पोखरेलले कार्यपत्र पेश गर्नु भएको थियो । उहाँले चलचित्र विकास वोर्डका पाईरेसी नियन्त्रण सम्बन्धि कामहरूको पनि विवरण प्रस्तुत गर्नुभयो र भविष्यमा प्रतिलिपि अधिकार संरक्षण र पाईरेसी नियन्त्रणमा वोर्ड सक्रिय रहने पनि जानकारी गराउनु भएको थियो ।

कार्यपत्रहरू उपर वरिष्ट चलचित्र निर्देशकहरू लक्ष्मीनाथ शर्मा, किशोर रानाले टिप्पणी गर्नु भएको थियो र सहभागीहरूले यि विषयहरूमा जिज्ञाशाहरू तथा सुझावहरू राख्नु भएको थियो ।

# नेपाल टेलिकम र रोयल्टी संकलन संस्था बिच सम्झौता

सङ्गीत रोयल्टी समाज र नेपाल टेलिकम बीच CRBT (Caller Ring Back Tone) वापत स्रष्टाहरूले पाउनुपर्ने रोयल्टीको सम्बन्धमा २०७० फागुन ३० मा एक सम्झौता सम्पन्न भयो । सम्झौता अनुसार CRBT मा आफ्ना गीत संगीतहरू प्रयोग भएवापत गत कार्तिक महिनादेखि लागू हुने गरी गीतकार, संगीतकार, प्रस्तोता तथा उत्पादकहरूले CRBT को मूल्यको सरकारी कर कटाई १५ प्रतिशतका दरले रोयल्टी प्राप्त गर्नेछन् । प्रतिलिपि अधिकार ऐन, २०५९ अन्तर्गत गठन भएका सङ्गीत सङ्कलन समाज नेपाल, प्रस्तोता समाज नेपाल तथा सङ्गीत उत्पादन समाज नेपालको संयुक्त कार्यदलको निकै लामो प्रयास पछि सम्पन्न सो सम्झौतामा सङ्गीत रोयल्टी सङ्कलन समाजका अध्यक्ष सुरेश अधिकारी र नेपाल टेलिकम मोवाइल सेवा निर्देशनालयका निर्देशक सुरेन्द्र थिके ले हस्ताक्षर गर्नुभएको थियो । उक्त अवसरमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार श्री विसु कुमार के.सी., सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल, सङ्गीत उत्पादक समाज नेपाल, प्रस्तोता समाज नेपाल, नेपाली सङ्गीत निदेशक संघ, गीतकार संघ लगायत बिभिन्न संघ संस्थाका प्रतिनिधिहरू साथै धेरै स्रष्टा कलाकारहरूको समेत उपस्थिति रहेको थियो । उक्त ऐतिहासिक सम्झौता बारे उल्लेख गर्दै सङ्गीत रोयल्टी सङ्कलन समाजका अध्यक्ष सुरेश अधिकारीले CRBT प्रयोगमा स्रष्टाहरूले आफ्नो कानूनी हक अधिकार स्थापित गर्न सफल भएकोमा सबै स्रष्टाहरूलाई बधाई दिंदै यो पहललाई सफल बनाउन सघाउनु हुने प्रस्तोता समाज नेपाल, सङ्गीत उत्पादक समाज नेपाल, नेपाल सङ्गीत निदेशक संघ, गीतकार



संघ लगायत सम्पूर्ण शुभचिन्तकहरूमा समेत धन्यवाद व्यक्त गर्नु भएको थियो । स्रस्टाको अधिकार स्थापित गर्न सघाएकोमा नेपाल टेलिकम प्रति आभार व्यक्त गर्दै अधिकारीले आगामी दिनमा पनि यस्तै साथको अपेक्षा गर्नुभयो ।

सो अवसरमा रजिष्ट्रार विसु कुमार के.सी.ले पनि नेपालमा पहिलो चोटी प्रतिलिपि अधिकार कानून कार्यान्वयन तर्फ यति ठूलो सम्झौता भएकोमा गीत संगीत सम्बद्ध सबैलाई बधाई दिंदै अझ यो भन्दा ठूलो उपलब्धी हासिल होस् भन्ने शुभकामना व्यक्त गर्नुभयो । उहांले बौद्धिक सम्पत्ति संरक्षण गर्न र प्रतिलिपि अधिकार ऐन, २०५९ लाई प्रभावकारी रूपका कार्यान्वयन गराउन आफू संधै तत्पर रहेको बताउनु भयो ।

यसै क्रममा नेपाल टेलिकमका निर्देशक सुरेन्द्र थिकेले नेपाल टेलिकम सदैव स्रष्टाको हितको पक्षमा रहेको र आगामी दिनहरूमा पनि सबै पक्ष मिलेर नेपाली संगीत जगत र नेपाल टेलिकमको समुन्नतिको लागि हातेमालो गर्दै जानुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सो सम्झौताबाट समस्त स्रष्टा कलाकारहरूले हर्ष व्यक्त गरेका छन् । सो सम्झौतामा साक्षीको रूपमा संगीत उत्पादन समाजका अध्यक्ष पदम बहादुर बुढा, प्रस्तोता समाज नेपालका कार्यवाहक अध्यक्ष हेमन्त शर्मा, नेपाली संगीत निर्देशक संघका उपाध्यक्ष लक्ष्मण शेष, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका द्वितीय उपाध्यक्ष बिमलराज क्षेत्री र गीतकार संघ नेपालका महासचिव विपिन किरण लगायतले समेत हस्ताक्षर गर्नु भएको थियो ।

# विश्व बौद्धिक सम्पति दिवस


राष्ट्रिय र अर्न्तराष्ट्रिय रूपमा बिविध विषयको प्रवर्द्धन गर्न दिवसहरू मनाउने गरिन्छ । यस्ता दिवसहरूले सम्बन्धित विषयको महत्व र आवश्यकता बारेमा चेतना प्रवाह गर्न र सरोकारवालाहरूलाई जागरूक क्रियाशील गराउन अवसर प्रदान गर्दछ । बौद्धिक सम्पति यस्तै एउटा महत्वपूर्ण क्षेत्र हो जस्ले कुनैपनि मुलुकको आर्थिक प्राविधिक र साँस्कृतिक उन्नतीमा महत्वपूर्ण योगदान दिन सक्छ तर यस बारेमा जनसाधारण मात्र होईन नीति निर्माताहरूको पनि चासो कम रहेको पाईन्छ । त्यसैले बौद्धिक सम्पति अधिकार बारे सवैको ध्यान आकर्षण गर्न र यसको संरक्षण, उपयोग, व्यबस्थापन र कार्यान्वयनमा अभिप्रेरित गर्न अप्रिल २६ का दिनलाई विश्व बौद्धिक सम्पति दिवसको रूपमा मनाउन थालिएको छ । यसै अवसरको महत्वलाई मनन गरेर यस लेखमा बौद्धिक सम्पति अधिकार तथा यस बर्षको बौद्धिक सम्पति दिवसको नाराको विषयमा प्रकाश पार्ने जमर्को गरिएको छ ।

मानिसका बौद्धिक सृजनालाई नै बौद्धिक सम्पत्ति भनिन्छ । खास गरी साहित्यिक र कलात्मक कार्य तथा प्रविधिमूलक नवीन सृजनाहरु नै बौद्धिक सम्पत्ति हुन् । तर बौद्धिक सम्पति भनेको यही हो र यिनै मात्र हुन् भनी ठोस परिभाषा दिन सकिने स्थिति चांही छैन । बौद्धिक सम्पति अधिकार अनुसार यस्तो सम्पति धनीको अनुमति विना अरूले त्यस्तो कुराको प्रयोग गर्न, विक्री गर्नु, भण्डारण गर्न पाउंदैन । बौद्धिक सम्पति अधिकारका कारणबाट यसका सृजनाकार वा आविष्कारकले आपनो सृजनाको निर्धक्क भएर भोग चलन, विक्रि वितरण तथा प्रकाशन गर्न पाउंदछ । अरूले चोरी, नक्कल वा दुरूपयोग गर्ला र आफ्नो हक र फाईदा गुम्ला भन्ने डर हुंदैन ।

बौद्धिक सम्पती अधिकार व्यवस्थाले सृजनात्मक र अनुसन्धानमूलक कामहरूलाई प्रोत्साहन गर्दछ । सिर्जनात्मक र अनुसन्धनात्मक कामको संरक्षण गरी स्रष्टा र समाज दुबैको हित र उन्नती गर्नु बौद्धिक सम्पति व्यवस्थाको आदर्श पक्ष हो । बौद्धिक सम्पती व्यवस्थाले आफ्नो मुलुकको आर्थिक, प्राविधिक र सांस्कृतिक विकास मात्र होईन अन्तरष्ट्रिय व्यापारलाई समेत टेवा पुर्‍याउने हुंदा यसलाई विकासको एउटा खामोको रूपमा लिइन्छ । बौद्धिक सृजना र नयां नयां आविष्कारहरू नभएका भए आज जुन विकास र प्रगति भएको छ त्यो हुने थिएन भने भविष्यमा थप विकास र उन्नती हुन्छ भनी आशा पनि गर्न सकिने थिएन । तसर्थ कुनै पनि मुलुक र समाजको विकास र उन्नतीमा बौद्धिक सम्पती व्यवस्थाको ठुलो योगदान रहन्छ ।

बौद्धिक सम्पति सम्बन्धी थुप्रै अन्तराष्ट्रिय सन्धी सम्झौताहरू कियाशील छन । यि सन्धि सम्झौताहरूले बौद्धिक सम्पति अधिकारहरू र यसको संरक्षणको लागि राज्यले लागु गर्नुपर्ने न्यूनतम सर्तहरू र मापदण्ड निर्धारण गरिदिएका छन् । यसै गरेर आर्को मुलुकका बौद्धिक सम्पतिहरूको पनि आफ्नो मुलुकको नागरिकहरूलाई दिए सरह कै अधिकार दिनुपर्ने प्रावधानहरू यिनमा छन् । वौद्धिक सम्पति सम्बन्धि यि सन्धि सम्झौताहरूको प्रशासन र अन्तराष्ट्रिय जगतमा वौद्धिक सम्पति क्षेत्रको विकास विस्तार गर्न विश्व वौद्धिक सम्पति संगठन (WIPO) क्रियाशिल छ । सन् १९६७ मा सम्पन्न WIPO Convention सन् १९७० मा क्रियाशील भए पछि WIPO अहिलेको स्वरूपमा स्थापना र विस्तार भएको हो । WIPO Convention सम्पन्न भएको दिन अप्रिल २६ लाई विश्व वौद्धिक सम्पति दिवसको रूपमा मनाईने चलन छ । यस दिवसको उद्देश्य पनि अरू दिवसहरू जस्तै वौद्धिक सम्पतिको महत्व र औचित्य बारे सरकार तथा सर्वसाधारणलाई सचेत गराउने, यसको विकास, विस्तार र संरक्षण गरेर आर्थिक प्राविधिक र सांस्कृतिक विकासको गतिलाई तिव्रता दिनु हो ।

यस वर्षको वौद्धिक सम्पति दिवसको नारा Movies-A Global Passion भनेर राखिएको छ । एक सय बर्ष अघि चार्ली च्याप्लीनले आधुनिक सिनेमा क्षेत्रमा दरिलो र साहसिक कदम अघि बढाएका थिए । उनले चलचित्रको माध्यमबाट नायकको रूपमा चरित्रको गहिराईलाई नै छुने र निर्देशकको रूपमा प्रविधिलाई अंगालेर नयां क्षितिजको खोजी गरे । यतीमात्र नभएर निर्माताको रूपमा उनले सिनेमालाई लागानीको नयां क्षेत्र र कलाक्षेत्रलाई पनि व्यवसाय गर्ने आकर्षक माध्यमको रूपमा स्थापित गराए । आज सय वर्ष पछि पनि सिनेमा संसारकै सर्वप्रीय र रूचीको विषय बनेको छ । करोडौं मानिसहरू सिनेमाका दर्शक बनेका छन भने लाखौ लाखले यस पेशामा काम पाएका छन् ।




लेखक, कलाकार, निर्देशक, निर्माता, सम्पादक, डिजाईनर, विविध खाले प्राविधिज्ञहरूले दिन दिनै यस क्षेत्रमा आफ्ना सिर्जनशीलता र उद्यमशीलताका नयां नयां पानाहरू पल्टाउदै छन् । हरेक मुलुकमा हरेक दिन नयाँ नयाँ सिनेमाहरू आईरहेका छन् र यसबाट संचारित हुने ज्ञान, सुचना, विचार र भावनाबाट मानव समाज लाभान्वित हुँदै आएको छ । सय बर्ष अधिको चार्ली च्याप्लीनको त्यो कदमबाट समय धेरै अघि बढी सकेको भएतापनि सिनेमा प्रतिको रूचि, चाह र उत्तेजना चाही उस्तै रहीरहेको छ ।

यस बर्षको बौद्धिक सम्पति दिवस पारेर बौद्धिक सम्पति व्यबस्थाले सिनेमा क्षेत्रमा के कस्तो योगदान दिएको छ भन्ने लेखा जोखा गर्ने उद्देश्य राखिएको बुझिन्छ । सिनेमाको पट कथा देखि पर्दा सम्मको यात्रामा बौद्धिक सम्पति अधिकार कसरी पाईला पाईलामा साथै हिड्दछ भन्ने ज्ञान र चेतनामा पाईन हाल्न खोजेको छ । बौद्धिक सम्पति अधिकार अझ किटेर भन्नु पर्दा प्रतिलिपि अधिकारको उपयोग र प्रयोगले स्रष्टा, सर्जक र कलाकारको मात्र होइन लगानी कर्ता तथा निर्माता समेतको हक अधिकार सुरक्षित हुन्छ । यसबाट समग्र सिनेमा व्यवसायको विकासमा टेवा पुग्दछ । कला साहित्य, ज्ञान र विज्ञानको क्षेत्रमा हुने नयाँ नयाँ सिर्जना र यसको व्यवसायिक कारोवारबाट समग्र समाज र राज्यको साँस्कृतिक, आर्थिक र प्राविधिक उन्नति हुन्छ ।

बाँकी पृष्ठ ७ मा

पृष्ठ २ बाट

## नेपाल प्रहरीहरुका

यस्तो तालीम विराटनगर, हेटौडा, धुलिखेल, धनगढी, पोखरा आदि स्थानमा गरिएको थियो । काठमाडौ उपत्यकामा सिर्जनात्मक उद्यम व्यवशायहरू धेरै भएका र गीत, संगीत, पुस्तक, चलचित्र, देखी कम्प्यूटरजन्य रचनाहरू पनि धेरै नै उत्पादन, वितरण तथा कारोवार हुने हुँदा प्रतिलिपि अधिकारको उल्लङ्घनका कामहरू पनि यहाँ नै बढी हुन्छ भन्ने जन गुनासो रहेको छ । तसर्थ यस पटक काठमाडौ उपत्यकामा कार्यरत प्रहरी अधिकृतहरूको लागि लक्षित गरेर यही २०७० माघ ७ र ८ गते यो प्रतिलिपि अधिकार कुानन कार्यान्वयन सम्बन्धि तालीम संचालन गरिएको थियो ।

प्रतिलिपि अधिकार सम्बन्धि अपराधको अनुसन्धान तहकिकात गरी अभियुक्तहरूलाई कानुनी कारबाही र सजाय दिलाउने जिम्मेवारी प्रहरी अधिकृतहरूको भएको हुँदा प्रहरी प्रशासनको सक्रियता विना प्रतिलिपि अधिकारको उल्लङ्घन तथा पाईरेसी नियन्त्रण सम्भव हुदैन । प्रतिलिपि अधिकारसंग सम्बन्धित अपराधहरू विशेष र जटिल



प्रकारको हुने हुँदा यसको अनुसन्धान गर्न पनि विशेष ज्ञान र सीप आवश्यक पर्दछ । यसैकारण प्रतिलिपि अधिकारको उल्लंङ्घनका अपराधहरूको प्रभावकारी रूपमा अनुसन्धान तहकिकात गर्न प्रहरी अधिकृतहरूलाई आवश्यक ज्ञान र सिप प्रदान गर्न प्रतिलिपि अधिकार सम्बन्धि सैदान्तिक र व्यवहारीक पक्षमा जानकारी गराउने, प्रतिलिपि अधिकार व्यवस्थाको राष्ट्रिय, अन्तराष्ट्रिय कानुनी र आर्थिक महत्व विषयमा जानकारी दिने, प्रतिलिपि अधिकार उल्लंङ्घन र पाईरेसी सम्बन्धि कामहरूको प्रवृति र स्वरूप विषयमा छलफल गर्ने र डिजिटल प्रविधिमा प्रतिलिपि अधिकारको संरक्षण र यसको उल्लंङ्घन तथा पाईरेसी नियन्त्रण सम्बन्धमा सचेतना दिने उद्देश्यले तालीम कार्यक्रम आयोजना गरिएको थियो । यस तालीमले विज्ञ बनाउन नसकेता पनि प्रतिलिपि अधिकार सम्बन्धमा जानकार बनाउन सफल भएको विश्वास सहभागीहरूले गरेका थिए । उक्त तालीम कार्यक्रममा प्रहरी नायव महानिरिक्षक महेश सिह कठायत, प्रतिलिपि अधिकार संरक्षण समाजका महा सचिव सन्तोष शर्मा, अधिवक्ता परशुराम कोइराला तथा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार बिसु कुमार के.सी. र अधिकृत मोहन कोइरालाले प्रशिक्षण दिनु भएको थियो ।

---

# प्रस्तोता समाज नेपालको चौथो बार्षिक साधारण सभा सम्पन्न

२०७० माघ २२ गते नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा प्रस्तोता समाज नेपालको चौथो बार्षिक साधारण सभा भव्यताका साथ सम्पन्न भयो । प्रस्तोताहरूको प्रतिलिपि अधिकार व्यबस्थापन गर्न प्रतिलपि अधिकार ऐन बमोजिम यो संस्थाको अधिवेशनमा समाजका १०० भन्दा अधिक सदस्यहरूको उपस्थिति रहेको थियो । कार्यक्रमका प्रमुख अतिथि नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार विसु कुमार के. सी हुनुहुन्थ्यो भने अन्य विशिष्ट अतिथि व्यक्तित्वहरूमा बरिष्ठ गायक श्री प्रेम ध्वज प्रधान, संगित निर्देशक समाज नेपाल, अध्यक्ष, बरिष्ठ संगितकार श्री शम्भुजित बास्कोटा, प्रतिलिपि अधिकार संरक्षण समाज नेपाल अध्यक्ष, श्री काली प्रसाद रिजाल, गितकार संघ नेपाल अध्यक्ष, श्री योगेन्द्र मणि दाहाल, संगित उत्पादक समाज, अध्यक्ष, श्री पदम बहादुर बुढा, नेपाल राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिष्ठान, अध्यक्ष, श्री चन्द्र प्रकाश शर्मा, नेपाल सांगितिक संघका, अध्यक्ष, श्रीमती तारा थापा, हुनुहुन्थ्यो ।




कार्यक्रमा समाजका सचिव श्री राई नविनज्यूले स्वागत मन्तव्य प्रस्तुत गर्नुभयो । उक्त सभामा पेश भएका प्रतिवेदनहरू क्रमसः महाचिव श्री तुलसी पराजुली द्वारा पेश भएको समाजको वार्षिक प्रगती विवरण एवं कोषाध्यक्ष श्री भानु भक्त ढकाल द्वारा पेश भएको कोषध्यक्षको बार्षिक प्रतिवेदन उक्त सभाबाट सर्व सम्मत पारित गरियो ।

कार्यक्रममा उपस्थित हुनुहुने प्रमुख अतिथी, विशिष्ठ अतिथि एवम् सम्पुर्ण अतिथिज्यूहरूबाट शुभकामना मन्तव्य प्रस्तुत भएको थियो । साथै आ. व. २०७०।७१ का लागि समाजको लागि लेखा परिक्षक नियुक्त गर्ने प्रस्ताव समेत पारित भयो ।

कार्यक्रमको अन्त्यमा समाजका अध्यक्ष तथा सभाका सभापती श्री राम कृष्ण ढकालज्यूबाट सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो

पृष्ठ १ बाट

# प्रतिलिपि अधिकारका

वालेर तालीम/कार्यशालाको उद्घाटन गर्नु भभएको थियो । उद्घाटन पछि सहभागी प्रशिक्षार्थी माननीय जिल्ला न्यायाधीशहरूलाई सम्बोधन गर्नु हुंदै माननीय मुख्य न्यायाधीश पौडेलले यस किसिमको तालीम कार्यशालाले जिल्ला न्यायाधीशहरूको कार्य सम्पादनलाई सहज बनाउने हुंदा कार्यशालाबाट र कार्यपत्र प्रस्तोता प्रशिक्षकहरूबाट भरपूर फाइदा उठाउन आग्रह गर्नु भयो । उहांले बौद्धिक सम्पत्तिको महत्व बारे वर्णन गर्दै "यो यस्तो नीजि सम्पत्ति हो, यसको न त अंशवण्डा लाग्छ न त कसैले हरण गर्न सक्दछ ।" उहांले अगाडि भन्नुभयो "बौद्धिक सम्पत्तिको संरक्षणको लागि राज्यले कानून बनाएको छ । प्रतिलिपि अधिकार ऐन एउटा यस्तो विशिष्ट ऐन हो यसको कार्यान्वयनमा माननीय न्यायाधीशहरूको महत्वपूर्ण भूमिका रहन्छ ।"



उद्घाटन समारोहलाई सम्वोधन गर्दै नेपाल वार एशोसियन बौद्धिक सम्पत्ति इकाईका संयोजक अधिवक्ता सज्जनवर सिंह थापाले आजको बैज्ञानिक र प्रविधिको वोलवाला भएको युगमा बौद्धिक सम्पत्ति अधिकारको संरक्षण महत्पूर्ण विषय हो भनेर भन्नुभयो । विश्व व्यापार संगठन (WTO) स्थापना र यस सम्बन्धी संझौताहरू लागू भएपछि अन्तर्राष्ट्रिय व्यापार सहज भयो । यो सहज पार्न पनि बौद्धिक सम्पत्ति अधिकारको संरक्षणको कुरा पनि WTO को अंग बन्न पुगेको हो भन्दै अधिवक्ता थापाले "पेरीस कन्भेन्सन तथा वर्न कन्भेन्सन आएको सताव्दीपछि WTO को कारण यसका प्रावधानहरू शक्तिशाली र वाध्यकारी बन्न पुगे । यसैले हालका दिनमा हाम्रो समाजमा पनि पेटेन्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार आदि बारे चासो र चर्चा बढेको छ भन्नुभयो । बौद्धिक सम्पत्ति अधिकारको कार्यान्वयन प्रभावकारी बनाउनु आजको समयको माग भएकोले यसमा प्रमुख दायित्व वहन गर्ने माननीय जिल्ला न्यायाधीशहरूको यस सम्बन्धी ज्ञान र सीपले ठुलो महत्व राख्दछ ।" भनेर बताउनु भयो ।

यस भन्दा अघि नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार विसु कुमार के.सी.ले अतिथिहरू, सहभागीहरू तथा पत्रकारहरूलाई स्वागत गर्दै माननीय न्यायाधीशहरूको लागि आयोजित तालीम कार्यशालाको आवश्यकता, महत्व र उद्देश्यहरू बारे प्रकाश पार्नु भएको थियो । उहांले प्रतिलिपि अधिकार ऐन कार्यान्वयन गर्न जिम्मेवार निकायहरूमा कार्यरत माननीय न्यायाधीशहरू, सरकारी वकिलहरू र प्रहरी अधिकृतहरूको लागि तालीम कार्यक्रम र सरोकारवाला तथा प्रतिलिपि अधिकार धनीहरूको लागि गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरू कार्यालयले संचालन गर्दै आएको पनि जानकारी गराउनु भयो । प्रतिलिपि अधिकार बारे सम्बद्ध पक्षहरूलाई आवश्यक ज्ञान सीप र चेतना नहुनु नै ऐन कार्यान्वयन र यसबाट प्राप्त हुने लाभ प्राप्तीमा प्रमुख वाधाको रूपमा देखिएको छ भन्नुभयो ।

तालीम कार्यशाला गत चैत्र १७ र १८ गते दुई दिन संचालन भएको थियो । कार्यशालामा नेपालको प्रतिलिपि अधिकार ऐन र यसको कार्यान्वयनको लागि भएको प्रशासनिक व्यवस्थाको साथै प्रतिलिपि अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरू बारेमा पनि प्रशिक्षण दिइएको थियो । यसै गरेर प्रतिलिपि अधिकार उल्लघंनको कानूनी उपचार व्यवस्था र दण्ड सजाय एवं नेपालमा विद्यमान पाइरेसीका प्रकृति र प्रवृत्ति बारेमा पनि कार्यपत्र पेश भएको थियो । प्रतिलिपि अधिकारको संरक्षणमा डिजिटल प्रविधिले चुनौति थपेको छ । यसैले यो प्रविधिबाट हुने प्रकाशन प्रशारण र अन्य क्रियाकलापमा प्रतिलिपि अधिकारको कार्यान्वयन कसरी गर्ने भन्ने पनि कार्यशालामा प्रस्तुति र छलफल गरिएको थियो । तालीम/कार्यशालामा प्रस्तुत गरिएको अर्को महत्वपूर्ण विषय प्रतिलिपि अधिकारको सीमा र अपवाद थियो । प्रतिलिपि अधिकार ऐनमा यस सम्बन्धमा भएको व्यवस्था र अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरूमा भएको प्रावधानहरूलाई तुलनात्मक रूपमा छलफल पनि गरिएको थियो । रजिष्ट्रार विसु कुमार के.सी., अधिवक्ता सज्जनवर सिंह थापा र कम्प्युटर एशोसियनसन मोरङका अध्यक्ष निर्मल तामाङ लगायतले तालीम कार्यशालामा प्रशिक्षकको भूमिका निर्वाह गर्नु भएको थियो ।

प्रतिलिपि अधिकार सम्बन्धी अपराध नियन्त्रण गर्ने दायित्व सरोकारवाला सबैको हो तापनि संरक्षित अधिकार उल्लघंनको कारवाही र किनारा गरी अभियुक्तलाई सजांय दिने, पिडित पक्षलाई क्षतिपूर्ति समेत दिलाई न्याय दिने जिम्मेवारी न्यायालयको भएको हुंदा यस कार्यक्रमले जिल्लामा कार्यरत माननीय जिल्ला न्यायाधीशहरूलाई यो गहनतम अभिभारा वहन गर्न मद्दत पुग्ने विश्वास गरिएको छ ।

---

पृष्ठ ५ बाट

## विश्व बौद्धिक ....

नेपालमा बौद्धिक सम्पति अधिकार व्यबस्थाको विकासका लागि कानुनी, प्रशासनिक लगायत धेरै कामहरू बाँकी नै छन् । सबभन्दा महत्वपूर्ण कुरा यस बारे नीति निर्माता देखि स्वयमु अधिकार धनी तथा आम जन-साधारणमा ज्ञान, सीप तथा चेतना कै कमी छ । बौद्धिक सम्पति दिवस मनाएर यस बारे चासो जगाउन सके पनि धेरै उपलब्धि हुने थियो । यसै अवसरमा सवल बौद्धिक सम्पति अधिकार व्यबस्थाको निर्माणका लागि चाहिने कानुनी, प्रशासनिक र आर्थिक संरचना खडा गर्न राज्यका तर्फबाट अग्रसरता र आम जनसमुदायमा सृजनात्मक काम गर्ने एवम् सृजनात्मक कामहरूलाई सम्मान गर्ने प्रतिबद्धता पनि आउन सके दिवसको सार्थकता रहने थियो ।

## भूल सुधार

अंक २२ को बुलेटिनको पेज नं. ३ मा पहिलो कोलमको अन्तिम अनुच्छेदमा 'इलामे बजार चिया बारी राम्रो...... ।' जस्तो गीतका संगीकार हुनु पर्नेमा अन्यथा भएकोमा भूल सुधार गरिएको छ ।

## सम्पादकीय

### प्रतिलिपि अधिकार संरक्षण र व्यवस्थापनलागि चार कदमहरु

प्रतिलिपि अधिकार मुख्यतः साहित्यिक तथा कलात्मक रचनाका सिर्जनाकर्मी तथा तीनका अधिकारधनीहरूलाई आफ्ना सिर्जनामा प्राप्त हुने एकलौटी अधिकार (Exclusive Right) हो । यो विशेष गरी साहित्य, कला, चलचित्र, कम्प्युटर सफ्टवेयर, गीत संगीत लगायतका विधामा नयाँ सिर्जना गर्ने सिर्जनाकारलाई त्यस्ता सिर्जनाउपर रहने आर्थिक तथा नैतिक अधिकारहरूको समूच्च (Bundle or Rights) हो । नेपालले प्रतिलिपि अधिकार ऐन, २०५९ तर्जुमा गर्दा नै प्रतिलिपि अधिकार धनीसँगै तत्सम्बन्धी अधिकारलाई ( Related Rights) समेत संरक्षणको सुनिश्चितता प्रदान गरेको छ । यस अनुसार राज्यले साहित्यिक, कलात्मक, चलचित्रजन्य, सांगीतिक तथा कम्प्युटर सफटवेयर लगायतका विधामा सिर्जना गर्ने सिर्जनाकर्मी तथा ती सिर्जनालाई जनतासमक्ष पुन्याउने सिलसिलामा भूमिका निर्वाह गर्ने प्रस्तोता, (गायक गायिका, नर्तक, अनियनकर्ता आदि), सिर्जना र तिनका प्रस्तुतीहरूको रेकर्ड उत्पादन सम्बन्धी कार्य गर्ने ध्वनिअंकन उत्पादक तथा प्रसारण संस्थाहरू (रेडियो, टेलिभिजन आदि) का सिर्जना तथा प्रस्तुति, उत्पादन एवं प्रसारणमा रहने अधिकार संरक्षण गर्ने प्रत्याभूति गरेको छ ।

प्रतिलिपि अधिकार व्यबस्थाको धेय सिर्जनात्मक कामहरूलाई प्रोत्साहन गर्नु हो । जसवाट समाजमा कला, साहित्य, ज्ञान र विज्ञानको क्षेत्रमा नया नया सिर्जनाहरू धेरै मात्रामा हुन सकोस र देशको आर्थिक, प्राविधिक र साँस्कृतिक उन्नति हुन सकोस । यस अर्थमा प्रतिलिपि अधिकार व्यबस्थाकेवल कानुनी कुरो मात्र हाईन यो एउटा विकासको औजार पनि हो । तसर्थ प्रतिलिपि अधिकारको प्रवर्द्धनवाट देशको विकासमा के कति र कसरी लाभ लिने भन्ने नीति र कार्यक्रम सहित कानुन तर्जूमा गरिनु पर्दछ । नेपालमा न त समग्र बौद्धिक सम्पति सम्बन्धी न त प्रतिलिपि अधिकार सम्बन्धी नीति बनेको छ । यसले गर्दा प्रतिलिपि अधिकार संरक्षण र व्यबस्थापन प्रभावकारी हुँदा कला, साहित्य, मनोरञ्जन र साँस्कृतिक विकासमा के योगदान पुग्दछ ? सिर्जनात्मक कामहरूमा आधारित उद्यम व्यबशायहरूवाट राष्ट्रिय उत्पादन, रोजगारीको सिर्जना, वैदेशिक व्यापार र लगानीमा के भुमिका रहन्छ भन्ने विषयमा नीति निर्माता देखि जनसाधारण समेत जानकार हुन सकेका छैनन् । तसर्थ प्रतिलिपि अधिकार सम्बन्धि नीतिको तर्जुमा गर्न जरूरी देखिन्छ ।


प्रतिलिपि अधिकार मुलुकीय कानुनी व्यबस्था भएता पनि विभिन्न अन्तराष्ट्रिय सन्धि संभौताहरूले न्युनतम मापदण्ड, विधि, प्रक्रिया र कार्यान्वयन व्यबस्थाहरू सहित मुलुकहरूको कानुनी र प्रशासनिक व्यबस्थामा समानाता र एकरूपता ल्याएर प्रतिलिपि अधिकारको संरक्षणलाई विश्वव्यापी वनाउन प्रयास गरेको छ । नेपालले अन्तराष्ट्रिय मञ्चहरूमा प्रकट गरेको प्रतिबिद्धताको पालना गर्न र अन्तराष्ट्रिय सहयोग, व्यापार र लगानी बृद्धि गर्न पनि प्रतिलिपि अधिकार कानुनी व्यबस्था राष्ट्रिय हितको संरक्षणलाई प्राथमिकतामा राखेर अन्तराष्ट्रिय मापदण्ड अनुकुल हुने गरी परिमार्जन गर्नु पर्दछ । नेपालले प्रतिलिपि अधिकार सम्बन्धि महासन्धि वर्न कन्भेन्सनको सन २००६ मा अनुमोदन गरे वाहेक अन्य सन्धि महासन्धिहरूको अनुमोदन गरेको छैन । बाँकी सन्धि सम्झौताहरूको अध्ययन गरेर अनुमोदन गर्ने प्रक्रिया पनि तत्काल अघि बढाउंदै तद अनुकुल ऐन नियमहरू पनि परिमार्जन गर्नु पर्ने टड्कारो खाँचो छ ।

कानुनी व्यबस्था बमोजिम रचनाहरूको सार्वजनिकरूपमा व्यबशायिक प्रयोग गर्दा प्रतिलिपि अधिकार धनीको पूर्व स्विकृति लिने, संझौता गर्ने, र तोकिएको मापदण्ड बमोजिम रोयल्टी दिने परिपाटीको विकास हुन सकेको छैन । यसवाट सिर्जनात्मक क्षेत्रमा क्रियाशील स्रष्टा, सर्जक, कलाकार र त्यस सम्बन्धी व्यबशायमा संलग्न व्यबशायीहरू मर्कामा परेका छन र गुनासाहरू बढदै गएका छन् । विशेषत गीत संगीत क्षेत्रमा रोयल्टी संकलन र वितरण गर्न ३ वटा विधामा रोयल्टी संकलन समाजहरू गठन भै सकेका भएता पनि साधन स्रोतको अभाव, ज्ञान, सीप, दक्षता र चेतनाका कमीका कारण यि संस्थाहरूवाट पनि रोयल्टी संकलन र वितरणको काम प्रभावकारी हुन सकेको अनुभूति भएको छैन । रोयल्टी संकलन संस्थाहरूको क्षमता र प्रभावकारिता वृद्धि गरेर स्रष्टाहरूले पाउने रोयल्टीको सही व्यबस्थापन गर्न केही कदम चाल्न पनि आवश्यक छ

नेपालमा न्यून जनचेतना, कानून कार्यान्वयन गर्ने निकायमा ज्ञान सीप, समय, साधन स्रोतको कमी, स्रष्टाहरूमा जागरूकताको कमी तथा दण्डहीनताको कारण गैरकानूनी कार्य गर्नेहरूको सक्रियता बढेको छ । फलस्वरूप प्रतिलिपि अधिकारजन्य सिर्जनाको अनधिकृत उत्पादन तथा पुनःउत्पादन, बिक्री वितरण र प्रयोग अर्थात पाइरेसी बढिरहेको गुनासो छ । प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धी मुद्दाको अनुसन्धान तहकिकात र शंकास्पद स्थानको खान तलासी गर्ने समेत प्रहरी निरीक्षकसम्मको कर्मचारीले गर्ने र मुद्दा दायर गर्ने ऐनले व्यवस्था गरेको छ । त्यसैले प्रतिलिपि अधिकार धनीले आफ्नो प्रतिलिपि अधिकारयुक्त वस्तुको नक्कल, चोरी आदि गैर कानूनीरूपमा उत्पादन बिक्री वितरण भएको अवस्थामा प्रहरीलाई जाहेरी दिनु पर्ने र त्यस्ता कार्य गर्नेलाई प्रहरीले अनुसन्धान तहकिकात गरेर मुद्दा दायर गर्नु पर्ने हो । कतिपय कारणले यो प्रक्रिया प्रभावकारी हुन सकेको छैन । प्रतिलिपि अधिकारको उल्लंघन फौजदारी अपराध हो र यस कार्यबाट सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा प्रतिकूल असर पार्दछ । यसैले प्रतिलिपि अधिकार उल्लंघनका कार्यलाई नियन्त्रण गर्न सरकारी क्षेत्रबाट नै आवशयक पहल गर्न अनिवार्य भएकोछ ।

**बिसु कुमार के.सी.**
रजिष्ट्रार

## २०७० फागुण मसान्तसम्मको रचना दर्ता




**जम्मा रचना दर्ता: ११३३**

## सिर्जना दर्ताका लागि आवश्यक सामग्रीहरू

१. रचना एवं सिर्जना प्रति -२
२. नागरिकताको प्रतिलिपि प्रति -१
३. सम्बन्धित स्रष्टाको तस्वीर (PP Size Photo) प्रति -२
४. निवेदन फारामसाथ रू. १०/-को टिकट प्रति -१
५. दर्ता शुल्क रू. १००/- (प्रत्येक रचनाको लागि)
६. ध्वनिअंकन उत्पादन दर्ताको लागि सम्बन्धित गीतकार, संगीकार र गायक/गायिकाहरूसंगको लिखित सम्झौताको प्रतिलिपिहरू समेत संगलग्न गर्नु पर्नेछ ।

**Nepal Copyright Registrar's Office**
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट निःशुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला ।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित । प्रिन्टिङ्ग :